DEVELOPMENTAL DISABILITIES ADMINISTRATION (DDA)

# चार (4) वर्ष उमेरको योग्यताको म्याद समाप्तिको सूचना

## Notification of Age Four (4) Eligibility Expiration

सेवाग्राहीको नाम तथा ठेगाना

प्रतिनिधिको नाम तथा ठेगाना

सम्बन्धमा: **चार (4) वर्ष उमेरको योग्यताको म्याद समाप्तिको सूचना**

तपाईंको बच्चा हाल विकासात्मक असक्षमता प्रशासन (DDA) को सेवाग्राही हुनुहुन्छ। वहाँ आफ्नो जन्म-देखि-तीन वर्षको कार्यक्रम (वर्थ-टु-थ्री प्रोग्राम) वा चिकित्सकीय रूपमा सघन बालबालिका कार्यक्रम (Medically Intensive Children's Program) मा भर्ना भएको कारण DDA मा योग्य हुनुभएको हो। तपाईंको बच्चाको DDA योग्यताको म्याद वहाँको चौथो जन्मदिनमा समाप्त हुन्छ। तपाईंको बच्चा DDA मा योग्य रही रहनको लागि, तपाईंले आफ्नो बच्चा चार वर्ष पूरा नहुँदै पुन: आवेदन दिनुपर्नेछ। तपाईंको बच्चा यसैसँग संलग्न गरिएको आवश्यक कागजातपत्रको तालिकामा सूचीबद्ध गरिएको अवस्थाहरू मध्येको एउटा कारणले पुन: योग्य निर्धारित हुनुपर्छ।

**पुन: आवेदन कसरी गर्ने**:

पुन: आवेदन प्याकेटको अनुरोध गर्नको लागि तपाईंको बच्चाको चौथो जन्मदिनको कम्तिमा 90 दिन अगावै DDA इन्टेक तथा योग्यता कर्मचारीलाई सम्पर्क गर्नुहोस्। तपाईंले यो कार्य लिखित रूपमा वा तल सूचीबद्ध टेलिफोन नम्बरमा कल गरी गर्न सक्नुहुन्छ। तपाईंलाई एप्लिकेसन प्याकेट मेल गरिनेछ। तपाईंले आवेदनका कागजातहरू यहाँ गइ अनलाइनमा पनि प्राप्त गर्न सक्नुहुन्छ https://www.dshs.wa.gov/dda/consumers-and-families/eligibility.

**मैले पुन: आवेदन दिइन भने के हुनेछ**?

तपाईंले पुन: आवेदन प्याकेट अनुरोध भएन वा तपाईंले आफ्नो बच्चाको योग्यता भएको कम्तिमा 60 दिन अगावै आवेदन फिर्ता गर्नु भएन भने DDA वहाँको चौथो जन्मदिनमा योग्यताको म्याद समाप्त हुनेछ। तपाईंको बच्चाले DDA बाट भुक्तानीको सेवा प्राप्त गर्नुभएको छ भने यो सेवा वहाँको चौथो जन्मदिनमा समाप्त हुनेछ।

**DDA योग्यताको म्याद समाप्तिले विशेष शिक्षा कार्यक्रमहरू (Special Education programs)** वा **SSI योग्यतालाई प्रभाव पार्ने छैन। न त यसले मेडिकेड, TANF, वा खाद्य स्ट्याम्पहरू जस्ता तपाईंले प्राप्त गरिरहेका हुनसक्ने अन्य कुनैपनि DSHS सेवालाई प्रभाव पार्नेछ।**

कृपया सम्भव भएसम्म छिटो तर कम्तिमा आफ्नो बच्चाको जन्मदिनको 90 दिन अगावै प्रतिक्रिया जनाउनुहोस्। हामीले तपाईंको कुनै जवाफ पाएनौं भने हामी तपाईंले आफ्नो बच्चालाई DDA योग्यतामा जारी राख्न चाहनुहुन्न भनेर मान्छौं। चार (4) वर्षको उमेरपछि योग्यताको अवस्थाको उपयुक्त कागजात बिना बच्चाको DDA योग्यता तथा DDA सेवाहरूको म्याद वहाँको चौथो (4) जन्मदिनमा समाप्त हुनेछ।

तपाईंसँग जिज्ञासाहरू छन् वा प्याकेट अनुरोध गर्न चाहनुहुन्छ भने, कृपया सम्पर्क गर्नुहोस्

| नाम | टेलिफोन नम्बर | इमेल ठेगाना |
|---|---|---|

योग्यताको नियन्त्रण गर्ने राज्यका नियमहरूको प्रतिलिपि अनुरोध गरेमा उपलब्ध हुन्छ वा यस अनलाइनमा उपलब्ध छ https://www.dshs.wa.gov/dda/consumers-and-families/eligibility.

बोधार्थ: सेवाग्राहीको फाइल

**आवश्यक कागजातपत्रको तालिका**

| असक्षमताको अवस्था | उमेर | निदान | निदानकर्ता | अन्य अभिलेखहरू |
|---|---|---|---|---|
| विकासात्मक ढिलाइ | 4 वर्ष देखि 9 वर्षसम्म | विकासात्मक ढिलाइ | विकासात्मक आंकलन तथा मूल्याङ्कनको व्यवस्थापन गर्ने योग्य पेशेवर | 4 वर्ष देखि 9 वर्षसम्म – हालको मूल्याङ्कन देखि विगत 12 महिनाको मूल्याङ्कनको आधारमा क्रमिक उमेरको -1.5 SD वा 25 % तीनवटा वा सोभन्दा बढी ढिलाइहरू। |
| चिकित्सकीय रूपमा सघन | जन्म देखि 17 सम्म | | | चिकित्सकीय रूपमा सघन बालबालिका कार्यक्रममा योग्य |
| बौद्धिक असक्षमता | 4 र सोभन्दा बढी उमेर | बौद्धिक असक्षमता (औपचारिक रूपमा मानसिक गतिरोध) | इजाजत प्राप्त मनोचिकित्सक, वासिङ्गटन प्रमाणित विद्यालय मनोचिकित्सक (वासिङ्गटन सर्टिफाइड स्कूल मनोचिकित्सक) वा नेस्नल एस्सोक अफ स्कूल मनोचिकित्सक ( National Assoc. of School Psychologists) द्वारा प्रमाणित अन्य विद्यालयको मनोचिकित्सक | पूर्ण स्केल IQ को मध्यकभन्दा तल दुई स्ट्याण्डर्ड डेभिएशन स्कोर भन्दा धेरै र एडप्टिभ सीप जाँचको मध्यकभन्दा तल दुई स्ट्याण्डर्ड डेभिएशन स्कोर भन्दा धेरै सहितको पूर्ण मनोवैज्ञानिक प्रतिवेदन। |
| सेरेब्रल पाल्सी | 4 र सोभन्दा बढी उमेर | सेरेब्रल पाल्सी<br>हात तथा खुट्टा दुबैको प्यारालाइसिस (Quadriplegia)<br>शरीरको एक भागको प्यारालाइसिस (Hemiplegia)<br>शरीरको दुबैतिर सम्बन्धित भागको प्यारालाइसिस (Diplegia) | इजाजतप्राप्त चिकित्सकहरू। | 3 वर्षको उमेर अगावैको आक्रमण र दुई वा थप क्षेत्रहरूमा दैनिक प्रत्यक्ष शारिरीक सहायताको आवश्यकता पर्छ भनी समर्थन गर्ने जानकारी (दिसा-पिसाब गर्दा, नुहाउँदा, खाना खाँदा, कपडा लगाउँदा, हिँडडुल वा सञ्चारमा)। |
| मिर्गी | 4 र सोभन्दा बढी उमेर | मिर्गी वा<br>सिजर विकारहरू | बोर्डद्वारा प्रमाणित न्यूरोलोजिस्ट | चिकित्सा इतिहास र न्यूरोलोजिकल जाँचको आधारमा निदान, अनियन्त्रित र चलिरहेको वा भइरहेका सिजरहरूका चिकित्सक<br>वा न्यूरोलोजिस्टको प्रमाणीकरण र एडप्टिभ कार्यपद्धतिमा मध्यकभन्दा तल दुई स्ट्याण्डर्ड डेभिएशन भन्दा धेरै ठोस सीमाहरू देखाउने एडप्टिभ सीपहरूको जाँच। |
| स्वलीनता<br>(प्रति DSM-IV) | 4 र सोभन्दा बढी उमेर | स्वलीनता वा स्वलीनताको विकारहरू DSM-IV-TR मा प्रति 299.00 | स्वलीनतासँग सम्बन्धित वा विकासात्मक केन्द्र वा बोर्डद्वारा स्वीकृत इजाजत प्राप्त मनोचिकित्सक, एडभान्स रजिस्टर्ड नर्स प्राक्टिस्नर (ARNP): न्यूरोलोजिस्ट, मनोरोग चिकित्सक, वा विकासात्मक वा व्यवहारात्मक बाल रोग विशेषज्ञ | प्रति DSM-IV बैठक सबै निदान दायरा पूर्ण मूल्याङ्कन, ढिलाइको प्रमाण, वा सामाजिक, भाषा, सञ्चारका सीपहरू वा इशारा वा काल्पनिक खेलमा 3 वर्षको उमेर अगाडि असामान्य कार्यपद्धति तथा एडप्टिभ कार्यपद्धतिमा ठोस सीमाहरू देखाउने एडप्टिभ सीपहरूको जाँचको मध्यकभन्दा तल दुई स्ट्याण्डर्ड डेभिएशन। |
| स्वलीनता स्पेक्ट्रम विकारहरू<br>(प्रति DSM-V) | 4 र सोभन्दा बढी उमेर | स्वलीनता स्पेक्ट्रम विकारहरू<br>प्रत्येक स्तम्भहरूमा गम्भीरताको स्तर 2 वा 3 सहित प्रति DSM-5 | स्वलीनतासँग सम्बन्धित वा विकासात्मक केन्द्र वा बोर्डद्वारा स्वीकृत इजाजत प्राप्त मनोचिकित्सक, एडभान्स रजिस्टर्ड नर्स प्राक्टिस्नर (ARNP): न्यूरोलोजिस्ट, मनोरोग चिकित्सक, वा विकासात्मक वा व्यवहारात्मक बाल रोग विशेषज्ञ | प्रति DSM-V बैठक सबै निदान दायरा पूर्ण मूल्याङ्कन, ढिलाइको प्रमाण, वा सामाजिक, भाषा, सञ्चारका सीपहरू वा इशारा वा काल्पनिक खेलमा 3 वर्षको उमेर अगाडि असामान्य कार्यपद्धति तथा एडप्टिभ कार्यपद्धतिमा ठोस सीमाहरू देखाउने एडप्टिभ सीपहरूको जाँचको मध्यकभन्दा तल दुई स्ट्याण्डर्ड डेभिएशन र मध्यकभन्दा तल एक स्ट्याण्डर्ड डेभिएशन वा धेरै<br>वा स्वलीनता विकार प्रति DSM-IV 299.00। |
| अर्को न्यूरोलोजिकल वा बौद्धिक असक्षमतासँग समान अर्को अवस्था | 4 र सोभन्दा बढी उमेर | थाहा भएको न्यूरोलोजिकल वा क्रोमोजोमल विकार जसले बौद्धिक र एडप्टिभ सीपहरूको अभाव बनाउने गर्छन् | इजाजतप्राप्त चिकित्सकहरू। | पूर्ण स्केल IQ को मध्यकभन्दा तल 1.5 स्ट्याण्डर्ड डेभिएशन स्कोर भन्दा धेरै र एडप्टिभ कार्यपद्धतिमा ठोस सीमाहरू देखाउने एडप्टिभ सीपहरूको जाँचको मध्यकभन्दा तल दुई स्ट्याण्डर्ड डेभिएशन स्कोर। |
| **नोट**: **यो फाराम सामान्य मार्गदर्शन हो र** DDA **लाई अतिरिक्त जानकारी वा मूल्याङ्कनहरू आवश्यकता पर्न सक्छ। यो कागजात योग्यता निर्धारणको प्रथम चरण हो।** DDA **योग्यता प्रति** WAC **च्याप्टर** 388-823 **निर्धारण गरिन्छ।** | | | | |